बैठक संख्याः२ मिति २०८२/०८/१९ गतेका निर्णयहरुः

निर्णय नं.१-प्रस्ताव नं.१ अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्वन्धमा छलफल गर्दा मिति २०८२/०७/२१ गतेको बैठकका निर्णयहरुको बारेमा समीक्षा गरियो ।

निर्णय नं.२-प्रस्ताव नं.२ योजनाको ठेगाना परिवर्तन सम्वन्धमा छलफल गर्दा निम्नानुसारका योजनाहरुको ठेगाना परिवर्तन गर्ने निर्णय गरियो ।

| क.सं. | साविक योजनाको नाम ठेगाना | परिवर्तन हुनुपर्ने नाम ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकी ट्रस निर्माण सत्यवती-६ | स्वास्थ्य चौकी ट्रस निर्माण सत्यवती-३ | |

निर्णय नं.३-प्रस्ताव नं.३ योजनामा रकम थप गर्ने सम्वन्धमा छलफल गर्दा निम्नानुसारका योजनाहरु टेण्डर प्रक्रियामा लैजान रकम अपुग हुने भएकोले थप गर्ने निर्णय गरियो।

प्रस्ताव नं.४-कृषि विकास शाखाका विभिन्न कार्यक्रमको लाभग्राही छनोट गर्ने सम्वन्धमा ।

क) आलु बिउ उत्पादन कार्यक्रम अन्तर्गत गाउँपालिकाको ५०% र अनुदान ग्राहीको ५०% रकम मार्फत तपसिलका लाभग्राही छनोट गर्ने निर्णय गरियो

| क्र.स. | नामथर | ठेगाना | बिउको परिमाण (के.जी) | अन्य औजार | अनुदान | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | सानाकिसान कृषि सहकारी संस्था लि | सत्यवती६ | ४०२० | | १५५००० | |
| २. | एकशिं स्यांग कृषि तथा पशुपंक्षी पालन समुह | सत्यवती४ | १८०० | मिनीटिलर२ स्प्रेयर १ मल तथा बिषादी | १४०००० | |
| ३. | जुनियाँ सानाकिसान कृषि सहकारी संस्था लि | सत्यवती७ | ३५०० | | ११५००० | |
| ४. | रुद्रावती कृषि बहुउद्देश्यीय सहकारी संस्था लि | सत्यवती५ | ३५०० | हाते टयाक्टर ५ स्प्रेयर ४ मल तथा बिषादी | २४५००० | |
| ५. | बुढी सत्यवती कृषि तथा पशुपालन समुह | सत्यवती४ | २५०० | | १५०००० | |

ख) तरकारी बालीको नयाँ पकेट विकास कार्यक्रम अन्तर्गत गाउँपालिकाको ५०% र अनुदानग्राहीको ५०% रकम मार्फत तपसिलका लाभग्राही छनोट गर्ने निर्णय गरियो ।

| क्र.स | समुह/फर्म/सहकारी/कृषकको नामथर | ठेगाना | अनुदान | कैफियत |
|---|---|---|---|---|
| १ | श्री बुढी सत्यवती कृषि तथा पशुपंक्षी समुह | सत्यवती४ | ७५ हजार | |
| २ | चिडेलडाडा कृषि तथा पशुपंक्षी फर्म | सत्यवती८ | ७५ हजार | |
| ३ | काउचा कृषि तथा पशुपंक्षी फर्म | सत्यवती८ | ५० हजार | |
| ४ | झाईदेउ बाख्रा पकेट समुह | सयावती७ | ७५ हजार | |
| ५ | रुद्रगङ्गा पशुपालन तथा कृषि समुह | सत्यवती५ | ५० हजार | |
| ६ | थाप्ले सत्यवती कृषि बजार व्यवस्थापन संचालन समिति | सत्यवती६ | ६ लाख | |
| ७ | हंसरा सानाकिसान कृषि सहकारी सस्था लि | सत्यवती५ | ५० हजार | |
| ८ | जुनिया साना किसान कृषि सहकारी सस्था लि | सत्यवती७ | ७५ हजार | |

ग) मौरीको नयाँ पकेट विकास कार्यक्रम अन्तर्गत गाउँपालिकाको ५०% र अनुदानग्राहीको ५०% रकम मार्फत तपसिलका लाभग्राही छनोट गर्ने निर्णय गरियो

| क्र.स | समुह/फर्म/सहकारी/कृषकको नामथर | ठेगाना | खाली घार संख्या | गोला सहितको घार | जम्मा | ५०% अनुदान |
|---|---|---|---|---|---|---|
| १ | हंसरा सानाकिसान कृषि सहकारी सस्था लि | सत्यवती५ | | २० | १८०००० | ९० हजार |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | जुनिया सानाकिसान कृषि सहकारी संस्था लि | सत्यवती७ | | २५ | २२५००० | १ लाख १२ हजार ५ सय |
| ३ | थाप्ले सत्यवती कृषि बजार व्यवस्थापन संचालन समिति | सत्यवती८ | | १०० | ९००००० | ४ लाख ५० हजार |
| ४ | आर.के. बाखा फर्म | सयावती ३ | | १० | ९०००० | ४५ हजार |
| ५ | संकल्प कृषि तथा पशुपंक्षी फर्म | सत्यवती७ | | १० | ३५००० | १७ हजार ५ सय |
| ६ | रुद्रावती कृषि बहुउद्देश्यीय सहकारी संस्था लि | सत्यवती५ | | २५ | २२५००० | १ लाख १२ हजार ५ सय |
| ७ | रुद्रगङ्गा पशुपालन तथा कृषि समुह | सत्यवती५ | | २० | १८०००० | ९० हजार |

घ) आ.व२०८१/०८२ मा स्थापना भएका पकेट विकास कार्यक्रमको निरन्तरता अन्तर्गत गाउँपालिकाको ५०% र अनुदानग्राहीको ५०% रकम मार्फत तपसिलका लाभग्राही छनोट गर्ने निर्णय गरियो ।

| क.स | समुह/फर्म/सहकारी/कृषकको नामथर | ठेगाना | अनुदान | कैफियत |
|---|---|---|---|---|
| १ | आर्दश कृषि तथा पशुपंक्षीपालन समूह | सत्यवती३ | ८० हजार | |
| २ | होममल्टी एग्री कल्चर फर्म | सत्यवती८ | ४० हजार | |
| ३ | राना कृषि पशुपंक्षी माछापालन फर्म | सत्यवती८ | ४०हजार | |

प्रस्ताव नं.५- पशुपन्छी विकास शाखाको लाभग्राही छनोट गर्ने सम्वन्धमा ।

क)समूहमार्फत दुध उत्पादन कार्यक्रम अनतर्गत श्रयपत्री कृषक समूहलाई छनोट गर्ने निर्णय गरियो ।

निर्णय नं.६-प्रस्ताव नं.६ कृषि एम्वुलेन्स सञ्चालन कार्यविधि स्वीकृत गर्ने सम्वन्धमा छलफल गर्दा कृषि एम्बुलेन्स सञ्चालन कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ७-प्रस्ताव नं.७ स्वास्थ्य विमा गर्ने व्यक्ति पहिचान र छनोटको आधार तय गर्ने सम्वन्धमा छलफल गर्दा गत वर्ष छनोट भएका लाभग्राहीहरुलाई निरन्तरता दिनु पर्ने लाई निरन्तरता दिने र हटाउन पर्नेलाई हटाई नयाँ थप गरी सिफारिस गरी पठाउने निर्णय गरियो ।

निर्णय नं. ८-प्रस्ताव नं.८ दीर्घरोगीको औषधी उपचार निर्देशिका परिवर्तन भएको व्यहोरा जानकारी सम्वन्धमा छलफल गर्दा दीर्घरोगीको औषधी उपचार निर्देशिका परिवर्तन भएको व्यहोरा उपस्थित सम्पूर्णमा जानकारी गराईयो ।

निर्णय नं. ९- प्रस्ताव नं.९-शिक्षक दरवन्दी मिलान गर्ने सम्वन्धमा छलफल गर्दा सो सम्वन्धी उप समितिको प्रतिवेदन अनुसार यस गाउँपालिका वडा नं.३ मा अवस्थित सिद्ध आ.वि.मा कक्षा २ र ३ मा कुनैपनि विद्यार्थी भर्ना नभएकोले उक्त विद्यालयमा रहेका २ वटा दरवन्दी मध्ये १ वटा दरबन्दी पुष्पमोहन आ.वि., लिम्घा र अर्को दरवन्दी जनता मा.वि., अक्षेवामा मिलान गर्ने निर्णय गरियो ।

निर्णय नं. १०-प्रस्ताव नं.१० मालपोत तथा नापी कार्यालयको कार्यक्षेत्र समायोजन सम्बन्धमा छलफल गर्दा निर्वाचन क्षेत्र नं. १ अन्तर्गत पर्ने चन्द्रकोट, सत्यवती, कालीगण्डकी गाउँपालिकाहरु सदरमुकाम तम्घासमा रहेको मालपोत र नापी कार्यालयहरु रहेको स्थानबाट धेरै टाढा रहेको हुँदा धेरै पहिलेदेखि जनतालाई सहज सेवा प्रवाह गर्न मजुवा वजारमा मालपोत र नापी कार्यालय स्थापना गरिएको, सत्यवती गा.पा. वाट तम्घास सदरमुकाममा पुग्न करीव ४५ कि.मि. दुरी रहेको, नियमित यातायातको सुविधा समेत नरहेको हुँदा मालपोत नापी कार्यालय समायोजन गरी तम्घासमा लगेमा यस क्षेत्रका जनताले सेवा लिन निकै गाह्रो हुने हुँदा सो स्थान रहेको मालपोत र नापी कार्यालय यथावत राखी चन्द्रकोट, कालीगण्डकी र सत्यवतीको विच खैरेनी वजार पर्ने भएको हुँदा थप मालपोत र नापी कार्यालय स्थापना गरी जनतालाई सहज ढङ्गले सेवा प्रवाह गर्ने व्यवस्था मिलाउन उपयुक्त हुने हुँदा सोही अनुसार माग गर्ने गरी सर्वसम्मत निर्णय गरियो।

सत्यवती गाउँपालिका
गाउँपालिकाको कार्यालय
...ङ्ग, गुल्मी
...प्रदेश नेपाल

प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं.११-प्रस्ताव नं.११-करार कर्मचारीको म्याद थप सम्वन्धमा छलफल गर्दा यस गाउँपालिकामा कार्यरत करारकाकर्मचारीहरुको म्याद मिति २०८२/०८/०१ गतेदेखि मिति २०८२/०९/३० गतेसम्म थप गर्ने निर्णय गरियो।

निर्णय नं.१२-प्रस्ताव नं.१२ विविध (क) उपचार खर्च उपलव्ध गराउने सम्वन्धमा छलफल गर्दा यस गाउँपालिका वडा नं. ५ वस्ने शालिकराम ज्ञवालीको बुहारी राधिका ज्ञवालीको विगत २ वर्षदेखि मुखमा खटिरा आई ठूलो समस्या भई उपचार निकै खर्चिलो भएको र निजको आर्थिक अवस्था कमजोर भएकोले १ पटकको उपचार खर्च विल अनुसारको रकम रु.८०,०००/ उपलव्ध गराउने निर्णय गरियो ।

निर्णयनं.१२ विविध (ख) मायादेवी दर्जीको पर्खाल बनाउने खर्च उपलव्ध गराउने सम्वन्धमा छलफल गर्दा मिति २०८२/०४/०८ मा आएको वर्षातको कारण निजको घर नजिक पहिरो गई घर जोखिममा परेको र घर जोगाउन मसिनरी वाल लगाउन पर्ने हुँदा प्राविधिक लागत मूल्याङ्कनको आधारमा रकम रु.६१,९५१/ उपलव्ध गराउने निर्णय गरियो ।

निर्णयनं.१२ विविध (ग) लिफ्टिङ्ग खानेपानी योजनाको रकम उपलव्ध गराउने सम्वन्धमा छलफल गर्दा वडा नं. ३ को लिफ्टिङ्ग खानेपानी योजनाको लागि रकम रु.६०,०००/खानेपानी शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णयनं.१२ विविध (घ)सोलार प्यानल स्थानान्तरण सम्वन्धमा छलफल गर्दा लिम्घा स्वास्थ्य चौकीमा रहेको सोलार प्यानल सेट आवश्यक नभएकोले ठूलो लुम्पेक स्वास्थ्य चौकीमा हस्तान्तरण गर्ने निर्णय गरियो ।

निर्णयनं.१२ विविध (ङ) ह्युम पाईप र जाली खरिद सम्वन्धमा छलफल गर्दा यस आर्थिक वर्षलाई आवश्यक पर्ने ह्युम पाईप र जाली खरिद गर्ने निर्णय गरियो ।

निर्णयनं.१२ विविध (च) कटहरे पालो सिंचाई कुलो निर्माणको रकम उपलव्ध गराउने सम्वन्धमा छलफल गर्दा यस गाउँपालिका वडा नं. २ ढावमा पर्ने कटहरे पालो सिंचाई कुलो निर्माणको काम सम्पन्न भएकोले प्राविधिक लागत मूल्याङ्कनको आधारमा रकम रु.६८,६५१/सिंचाई कार्यक्रम शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णयनं.१२ विविध (छ) झाइदेउ बरकारुख मो.वा. मर्मतसम्भारको रकम उपलव्ध गराउने सम्वन्धमा छलफल गर्दा यस गाउँपालिका वडा नं. ७ मा पर्ने उक्त मो.बा.को काम गाउँ सो काम सम्पन्न गर्नको लागि रकम रु.३५,०००/ भैपरी शीर्षकवाट उपलव्ध गराउने निर्णय गरियो ।

निर्णयनं.१२ विविध (ज) विविध (ज) चवन्न खेतको सिंचाई कुलो मर्मतको लागि रकम उपलव्ध गराउने सम्वन्धमा छलफल गर्दा यस गाउँपालिका वडा नं. ६ मा रहेको उक्त कुलो मर्मतको लागि प्राविधिक लागत मूल्यको आधारमा रकम रु.६०,८७१/ उपलव्ध गराउने निर्णय गरियो ।

निर्णय नं.१२-विविध (झ) सिलवन्दी दरभाउपत्र आव्हान सम्वन्धी सूचना प्रकाशन गर्ने सम्वन्धमा छलफल गर्दा यस गाउँपालिका वडा नं. ५ मा पर्ने स्वास्थ्य ईकाइ अधुरो भवन निर्माण कार्यका लागि प्रदेश शसर्त अनुदानवाट रकम रु.१२ लाख विनियोजन भएको र ४ लाख ५० हजार थप गरी जम्मा १६ लाख ५० हजार रकममा प्राविधिक ला.इ.अनुसार रकम रु.१६३५४६२.६८ को e-bidding मार्फत खुला सिलवन्दी दरभाउ पत्रको माध्यमद्वारा १५ दिनको समयावधि राखी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत